




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



सवारी साधन चलाउँदा बाटो काट्दा नियमहरु पालन गरौं, आफू पनि जोगिऔं अरुलाई पनि जोगाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❑ वर्ष २२ ❑ अङ्क ४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन ११ गते मंगलबार ❑ 23 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## कृषि उत्पादकत्व वृद्धिका लागि प्रविधिमा जोड : मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, १० फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले कृषिमा उच्च प्रविधिको प्रयोगसँगै उत्पादकत्व वृद्धिमा प्रदेश सरकारले जोड दिँदै आएको बताएका छन् ।



पोखरा महानगरपालिका-१७ विरौटास्थित कृषि ज्ञान केन्द्र कार्यालयको सोमबार उद्घाटन गर्दै उहाँले सरकारले कृषि उत्पादन वृद्धिका लागि जमीनको चक्लाबन्दीको साथै व्यावसायिकतामा जोड दिएको बताए । जनसङ्ख्या दरमा आएको वृद्धिसँगै सानो जग्गा, कम लागतमा बढी उत्पादन गर्ने खालको प्रविधियुक्त दक्षजनशक्ति विकास गरिनुपर्ने आवश्यकता औंल्याउँदे मुख्यमन्त्री गुरुङले त्यसका लागि तीनै तहका सरकारबीच समन्वय अपरिहार्य हुने विश्वास व्यक्त गरे ।

सो केन्द्रमार्फत प्रदेशका सबै पालिकाको माटो परीक्षण गरी कहाँ कुन वस्तु उत्पादन गर्न सकिन्छ भन्ने तथ्याङ्क सङ्कलन गरिने बताउँदै उनले आर्थिक समृद्धिको आधार कृषि उत्पादन वृद्धि गर्न सबैको साथ र सहयोग आवश्यक रहने बताए ।

खाद्यान्न उत्पादन हुने उर्बर भूमि कङक्रिट बस्तीमा परिणत हुँदै गएकोमा दुःख व्यक्त गर्दै उहाँले मानिसको बाच्ने आधारको रुपमा रहेको कृषि पेशालाई मर्यादित र सम्मानित बनाउन सरकारले विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए । विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ नियन्त्रण र रोगथामका प्रदेश र स्थानीय सरकारले उल्खनीय भूमिका निर्वाह गरेर सङ्घीयताको पुष्टि गरेको उल्लेख गर्दै मुख्यमन्त्री गुरुङले शिक्षा र स्वास्थ्य क्षेत्रमा सरकारले लगानी बढाउँदै जानुपर्ने आवश्यकता औल्याए ।

भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री लेखबहादुर थापाले गण्डकी प्रदेशका १० जिल्लामा कृषि ज्ञान केन्द्र स्थापना गरी सञ्चालनमा आएको बताउँदै मनाङ जिल्लामा पनि निकट भविष्यमा कार्यालय स्थापना गरिने जानकारी दिए । 'एक पालिका : एक मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रम' सञ्चालन गरिएको जानकारी दिए । गण्डकी प्रदेशको अर्थ तथा विकास समितिका सभापति दिपक कोइरालाले सिमित श्रोत र साधनको अधिकतम उपयोग गर्दै अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको कृषिको व्यवसायिकरणमा जोड दिनुपर्ने बताए ।

कार्यक्रममा अगुवा कृषक धर्मदत्त पौडेलले उन्नत र गुणस्तरीय विउ, मल र प्राविधि, तथा बजारको अभावका कारण कृषि पेशा संकटमा पर्दै गएको बताउँदै त्यसतर्फ सरकारको ध्यान जानुपर्नेमा जोड दिए । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव सवनम सिवाकोटीले सिमित श्रोत साधान तथा जनशिक्तको अभावका बावजुद पनि कर्मचारी वर्गले कृषकलाई सक्दो सेवा गर्दै आएको बताए ।

## फेवाताल संरक्षणमा तीन तहका सरकारको समन्वय आवश्यक

**पोखरापत्र संवाददाता**
**पोखरा, १० फागुन**

पोखराको फेवाताल संरक्षणमा तीन तहका सरकारको समन्वय आवश्यक भएको सोमबार पोखरामा आयोजित एक कार्यक्रमका वत्ताहरुले बताएका छन् ।



सोमबार पोखराको रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज ले "द राउण्ड टेबल" छलफल कार्यक्रममा सहभागिहरुले उक्त कुरा बताएका हुन् । कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका मेयर मानबहादुर जिसीले हाल फेवातालको बाध मर्मतको क्रममा महानगरसंग समन्वय बिना गण्डकी प्रदेश सरकारले काम गर्दा तालबाट माटो निकाल्ने लगायतका कार्य गर्न नसकिएको बताए । पोखराको लेकसाइड देखि घाँटीछिनासम्म एक बर्ष भित्रमा बाटो खनिएकोमा माटो व्यबस्थापन गरिने दाबी गर्दै मेयर जिसीले आगामी बर्ष भन्ज्याङसम्म बाटोको व्यबस्थापन गरी फेवातालमा आउने माटो रोक्नु पर्ने बताए । अझै पनि फेवातालको संरक्षणमा प्रदेश र संघिय सरकारले उचित कदम चाल्न नसकेको उनको गुनासो थियो । फेवातालको मापदण्ड मिचेर बनाएका भौतिक संरचना ढिलो चाढो महानगरले भत्काउने मेयर जिसीले चेतावनी दिदै फेवातालको पानीमुनि कसैको लालपूर्जा भएको खण्डमा उचित मुआब्बा समेत दिने जनाए ।

फेवाताल सिंमाकन नक्शाकन समितीका संयोजक पुण्य पौडेलले फेवातालको सिमाङकनको काम सकिएसंगै नक्साङकनको काम सजिलैसंग गर्ने दाबी गरे । २०१० साल देखि २०७२ सालसम्म भए गरेका फेवाताल सम्बन्धि अध्ययन एवं प्रतिवेदनहरु हेर्दा एकरुपता नभएको उनले जनाए । उनले भने "बर्षायाममा पानीले ढाकेको जमिन, निरन्तर रुपमा बग्ने भकुण्डे खोला, सर्वे समेत गरेका छौं ।" सर्वोच्च अदालतले विश्व प्रकाश लामिछानेको प्रतिवेदनमा चार किल्लामा आफुहरु समेत सहमत भएको पौडेलले जनाए । पृथ्वीनारायण क्याम्पसका पूर्व प्रमुख डा. देवेन्द्र लामिछानेले करिब २५ सय वर्ष अगाडि फेवाताल निर्माण भएको दाबी गर्दै त्यतिबेला फेवातालको लम्बाई करिब १० किलोमिटर भएको जनाए । फिस्टेल लजबाट शुरु भएर पश्चिममा ठूलाखेत हुँदै हर्पण खोलाको पञ्चासे पहाडको फेदीसम्म फेवाताल फैलिएको उनको दाबी छ । त्यसपछि क्रमशः विभिन्न चरणमा आएका बाढी पहिरोले फेवाताललाई पुर्दै जाँदा फेवातालले अहिलेको अवस्थामा पुगेको उनले जनाए ।

बाँध खोल्नुभन्दा अगाडि तालले ओगटेको क्षेत्रफल तालको वास्तविक क्षेत्रफल भएको डा. लामिछानेको भनाई छ । दिगो रुपमा फेवातालको संरक्षण गर्नको लागि ताल भन्दा माथिल्लो भेगबाट आउने र खहरे खोलाले ल्याउने ढुंगा, माटोलाई नियन्त्रण गर्नु पर्ने उनले बताए । नापी कार्यालय कास्कीका प्रमुख इन्जिनियर खिमलाल गौतमले समितिको सहकार्यमा आफुहरुले फेवातालको सिमाङ्कन तथा नक्साङकनको ४५ प्रतिशत काम सम्पन्न गरेको दाबी गरे । उनले भने "ऐतिहासिक तथ्यको, सर्वेको र अग्रजको भनाइलाई आधार बनायर हामीले फिल्ड सर्वे गर्दै छौं ।" फेवातालको बारेमा यस अघि भएका अध्ययनको आधारलाई पनि आफुहरुले अध्ययन तथा अवलोकन गरेको उनले जनाए । पोखरा उपत्यका नगर विकास समितीका पुर्व अध्यक्ष, विश्वप्रकाश लामिछाने ९ हजार ९ सय ५५ रोपनी जग्गा पानीले ढाकेको, सिंसार र प्रति जग्गाको त्यसै रहेको ८ सय १७ रोपनी खेति गराएको २१ सय १ रोपनी जग्गा प्राप्त गेका थियौं । बाध फुटेको अबस्थामा २०३४/०३५ साल तिर सर्पट नापीले स्केलमा भएको जुन फिल्डमा नगई कागजी रुपमा केही व्यत्ति बिशेषले दर्ता गरेको भेटिएको पूर्व अध्यक्ष लामिछानेले बताए । १० हजार ६३ रोपनी जग्गा मध्य २१ सय १ रोपनी जग्गा बिबादित भएको पाइएको उनले जनाए । १६ सय ९२ रोपनी जग्गा पानी मुनि भएकोले राज्यको बनाउनु पर्छ भनेर आफुहरुले सुझाव दिएको लामिछानेले बताए । बरिष्ठ पर्यटन व्यवसायी हरि पौडेलले फेवातालको कारण पोखरामा करिब ५० हजार जनाले प्रत्यक्ष रुपमा रोजगार प्राप्त गरेकोले फेवातालको दिगो रुपमा संरक्षणको लागि अब योजना बनायर काम गर्नुपर्ने बताए ।

फेवातालको उचित ढंगले संरक्षण गर्न सके यसबाट धेरै लाई फाइदा पुग्ने उनले बताए । अधिवक्ता सुरेन्द्र थापा मगरले कुनै व्यक्तिले सरकारी जगा अधिग्रहण गरेमा कुनै पनि वेलामा बदर हुने कानुनि व्यबस्था भएको बताए । उत्त कार्यक्रमको संचालन रेडियो अन्नपूर्णकर्मी वासु मिश्रले गरेका थिए ।

## किसानलाई सम्मान गर्नुपर्छ : मन्त्री अर्याल

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १० फागुन**

कृषि तथा पशुपन्छी विकासमन्त्री पद्यमाकुमारी अर्यालले किसानलाई सम्मान गर्ने संस्कारको विकास गर्नुपर्ने बताइन ।

गल्याङ नगरपालिका-१ सार्वजानिक माविमा प्राविधिक शिक्षालयको साझेदारीमा सोमबारव्यावसायिक उत्पादनको शुभारम्भ गर्दै उनले काम गरेर खाने वर्गलाई हेलाहोचो गर्ने विगतको संस्कारमा बिस्तारै परिर्वतन हुँदै आएको बताइन । "अहिले किसानलाई सम्मान गर्ने संस्कारको विकास हुँदै आएको छ", मन्त्री अर्यालले भनिन्, "कृषि कर्म गर्नेलाई होच्याउने होइन, हामीले सलाम गर्नुपर्छ । हिजोको सामन्तवादी सोचलाई परिर्वतन गर्नुपर्छ ।"

उनले कृषिकै माध्यमबाट देशलाई समृद्ध बनाउन सकिने भन्दै कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायिकीकरणका लागि सरकार विशेष कार्यक्रमका साथ अगाडि बढेको बताउनुभयो । कृषकलाई व्यावसायिक करतर्फ आकर्षित गर्न राज्यले विभिन्न कार्यक्रम ल्याउने बताउँदै मन्त्री अर्यालले भनिन्, "कृषि मन्त्रालयले कृषि तथा पशुको विकासका लागि विभिन्न अनुदान र सहुलियतका कार्यक्रमहरु ल्याएको छ । कृषकको खेतबारीमै सरकार जोडिनेछ ।"

मन्त्री अर्यालले माटो र हावापानी सुहाउँदो कृषि प्रणालीलाई अवलम्बन गर्नुपर्ने भन्दै कृषिमा प्रविधिको अधिकतम उपयोग गरी कृषि क्रान्ति गर्ने बताइन । नयाँ सोच र प्रविधिका साथ सरकार अगाडि बढेको भन्दै उनले स्याङ्जा जिल्लामा कृषिको विकासका लागि प्रतिबद्धता व्यक्त गरिन । 'एक पालिका एक उत्पादन'का साथ जिल्लालाई कृषिका माध्यमबाट समृद्ध बनाइने समेत उनको भनाइ छ । मन्त्री अर्यालले स्याङ्जामा सुन्तला र कफीको जोन बनाउने कार्य कार्यान्वयन भइरहेको भन्दै अन्य फलफूल तथा तरकारीको जोन बनाइने बताइन । सो अवसरमा उनले प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत मावि मालुङ्गालाई रु १० लाखको चेक हस्तान्तरण गरिन । मन्त्री अर्यालले छात्राहरुका लागि स्यानिटरी प्याड बनाउने मेशिन र खानेपानीका लागि युरोगार्डसमेत सो विद्यालयलाई हस्तान्तरण गरिन ।

## आठ वटा कोरोना खोप भडारण गृह बनाउँदै सरकार

**रासस**
**काठमाडौं, १० फागुन**

सरकारले देशका विभिन्न आठ स्थानमा कोभिड-१९ विरुद्धको खोप भण्डारण गृह निर्माण कार्यलाई तीव्रता दिएको छ । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको विरुद्धमा लगाइने खोप सुरक्षित एवं उचित व्यवस्थापन गर्नका लागि शहरी विकास मन्त्रालयले सातवटै प्रदेशमा एक/एक वटा तथा एउटा केन्द्रीयस्तरमा भण्डारण गृह निर्माणको कार्यलाई अगाडि बढाएको हो ।

सोहीअनुसार प्रदेश नम्बर १ को विराटनगरस्थित प्रदेश ल्याब बनाउने स्थानमा, प्रदेश नम्बर २ को जनकपुर स्थित ग्रामीण विकास प्रशिक्षण केन्द्रको परिसरमा, बागमती प्रदेशको राजधानी हेटौंडास्थितमा कीटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्रको परिसरमा तथा गण्डकी प्रदेशको स्वास्थ्य कार्यालय कास्कीको परिसरमा भण्डारण गृह निर्माण गरिदैछ । त्यस्तै लुम्बिनी प्रदेशको बुटबल उपमहानगरपालिका-१२,

बाँकी अन्तिम पृष्ठमा ▶▶






## सर्वोच्च अदालतले गलत निर्णय नगर्ने नेता बरालको दाबी

**पोखरापत्र संवाददाता**
**पोखरा, १० फागुन**

नेकपा गण्डकी प्रदेशका सह–इन्चार्ज श्रीनाथ बरालले कुनै पनि सेटिङको भरमा सर्वोच्च अदालले गलत निर्णय नगर्ने दाबी गरेका छन् ।




नेकपा पोखरा ३ कमिटिको आयोजनामा सोमबार पोखरामा भएको बिरोध कार्यक्रममा वोल्दै नेता बरालले विधि र नियम विपरितको निर्णय गर्न सर्वोच्च अदालतले कुनै पनि हालतमा गलत निर्णय नगर्ने दाबी गरेका हुन् । नेकपाको ४ सय ४१ सदस्यहरु मध्य दाहाल नेपालको समुहमा ३ सय बढी सदस्य भएको हुनाले निर्वाचन आयोगले पनि नेकपा आधिकारी पार्टी आफुहरुले नै पाउने दाबी गरे । प्रधानमन्त्री केपी शर्मा ओलीले विधि निती र कानुन मिचेकोले उनको कदम बिरुद्ध आफुहरु आन्दोलित हुनु परेको उनको भनाई थियो ।

गण्डकी प्रदेशका संसाद रामजी प्रसाद बराल (जीवन) ले हाल सुकुम्बासीहरुलाई लालपूर्जा वितरण गर्ने कार्यमा सचेत हुन आग्रह गरेका छन्। उनले भने "संसद विघटन गरेको यो प्रतिगमनकारी सरकारले हाल सस्तो लोकप्रियताको लागि लालपुर्जा वितरण गर्न पनि खोजेको हुन सक्छ यसमा सम्पूर्ण सुकुम्बासीहरु यसमा सचेत भएर आफ्नो अधिकार लिन अग्रसर हुनु पर्छ ।" अर्जुन छन्त्याल जस्तो क्रान्तिकारी नेता हाल प्रतिगमनकारी समुहमा लागेकोले उहाँलाई तत्काल दाहाल नेपाल समुहमा फर्किन नेकपाका प्रदेश सदस्य समेत रहेका सांसद बरालले आव्हान गरेका छन्।

नेकपा पोखरा ३ कमिटिका अध्यक्ष भिम गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेकपा प्रदेश सदस्य कृष्ण नेपाली, तुल्सीघाट पूर्वाधार एवं बाटो निर्माण समितिका अध्यक्ष सहदेव वानिया लगायतले सत्य र सर्वपरि जनहितको लागि वोल्नु पर्ने समय आएकोमा जोड दिएका थिए ।

# लेकसिटी कलेजको रक्तदानमा ५४ युनिट रगत

**पोखरापत्र संवाददाता**
**पोखरा, १० फागुन**

समाजलाई उत्तम बाटोमा हिंडाउन खोज्ने समाजसेवी नै वर्तमान समयमा अग्र पंत्तिमा देखिन्छन् ।

पोखरा महानगरपालिका वडा न ४ स्थित लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरले सामाजिक कार्यको पढाइ सँगै विद्यार्थीहरुलाइ समाजसेवी भावनमा प्रेरित गर्दै हिड्नाले अग्र भागमा देखीदै आएको छ । गण्डकी प्रदेशमै पहिलो सामाजिक कार्य पढाइ हुने क्याम्पसकै पहलमा विद्यार्थीहरु कहिले विद्धाश्रममा गएर बृद्धालाइ मायाको मलाम लगाउँछन । सामाजिक भावनाले ओतप्रोत विद्यार्थीहरुले कहिले भोकाएका जनतालाइ भोजन दिन्छन् । सामाजिक कार्य विषयमा




प्रथम वर्षमा अध्ययनरत तिनै विद्यार्थीहरुले सोमबार सामाजिक कार्य दिवसको पूर्व सन्ध्यामा खुल्ला रक्तदान कार्यक्रम गरि समाजमा ठूलो सहयोग पुराएका छन् । कार्यक्रममा ५४ युनिट रगत संकलन भएको छ । रक्तदान गर्नेमा १६ जना कलेजका विद्यार्थी बाँकी शिक्षक, विद्यार्थीका अभिभावक र शुभचिन्तकहरु रहेका थिए ।

कार्यक्रममा लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरका संचालक समितिका अध्यक्ष गेहेन्द्रेश्वर कोइरालाले पहिलो रक्तदाता संगम बस्नेतलाइ ब्लड व्याग दिएर कार्यक्रम शुभारम्भ गरेका थिए । अध्यक्ष कोइरालाले रक्तदान कार्यक्रमले विद्यार्थीहरुलाइ सामाजिक कार्यमा अगि बढ्न प्रेरणा मिल्ने भने ।

कार्यक्रम संयोजक कृष्णकला पोखरेलको अध्यक्षतमा भएको कार्यक्रममा क्याम्पस प्रमुख डा कपिल अधिकारी, शिक्षक उपेन्द्र पौडेल, अर्जुन गिरी, क्षेत्रीय रक्त सञ्चार प्रमुख अर्जुन ज्ञवाली, नेपाल स्वयम सेवी रक्तदाता समाज कास्कीका अध्यक्ष जितेन्द्रमान शाक्य, पूर्व अध्यक्ष तिर्थ राज अवस्थी लगायत वालेको कार्यक्रममा स्वागत स्वस्तिका सुवेदी र विद्यार्थी सन्तोष सुनार, आशिका रानाभाट, पूजा अधिकारी र प्रतिमा पौडेल लगायत अनुशासनमयमा संचालन गरेका विद्यार्थी सुजता ढकालले वताइन ।




सिग्देलको सेकुवाको परिचर्चा : कृष्णदीप सिग्देलको नवीनतम किशोर उपन्यास सेकुवाको सोमवार परिचर्चा गरिएको छ । कार्यक्रममा उपन्यासकार नयनराज पाण्डे, विश्लेषक विश्व सिग्देल, लेखक कृष्णदीप सिग्देल, गुरुङ सहित्यिक मञ्च नेपालकी अध्यक्ष गौरी तमु र शिक्षक राजेन्द्र भण्डारी लगायतले सेकुवा उपन्यासमा जनावार पात्रलाइ मानवता सँग जोडिएकोले उपन्यास अझ चोटीलो रहेको वताए । फोटो-पोखरापत्र

# क्लव टी–ट्वान्टी क्रिकेट प्रतियोगिता पोखरामा यही फागुन १७ गतेदेखि हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १० फागुन**

सुपर जेनरल इन्टर क्लव टी–ट्वान्टी क्रिकेट लिग २०२१ पोखरामा यही फागुन १७ गते देखि हुने भएको छ । के.एन.स्पोर्टस्को आयोजनामा यही फागुन १७ देखि २६ गतेसम्म पोखरा रंगशालामा उत्त प्रसितयोगिता हुने भएको सोमबारपोखरामाआयोजितपत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

सुपर जेनरल कम्पनीको मुख्य प्रायोजनामा खेल पर्यटन आको आधार, क्रिकेट विकासमा हाम्रो सरोकार भन्ने मुल नाराका साथ आयोजना हुने प्रतियोगितामा गण्डकी प्रदेशका ४ टिम सहित ८ टीमको सहभागिता हुने भएको प्रतियोगिताका संयोजक कमल थापाले बताए । प्रतियोगितामा चितवनको दुई टिम चितवन क्रिकेट टिम र स्टन एकेडेमी, सुपर जेनेरल पोखरा ११, इपालिगन्स तनहुँ, बागलुङ क्रिकेट क्लव, स्याङ्जा क्रिकेट क्लव र काठमाण्डौंको पनि दुई टीम बालुवाटार क्रिकेट क्लव




र मिक्समाण्डु क्लव सहभागि हुने भएका हुन् ।

प्रतियोगितामा विजेता टोलीले ५० हजार सहित ट्रफि मेडलको साथमा प्रमाणपत्र प्रदान गरिने भएको छ । प्रतियोगिता सम्पन्न गर्न करिब ३ लाख खर्च लाग्ने आयोजकले अनुमान गरेको छ । नेपाल क्रिकेट संघका केन्द्रिय सदस्य ऋषि गौतमले एउटा संस्थाले खेलकुदको क्षेत्रमा केही गर्न चाहेकोले आफुहरुले व्यक्तिगत रुपमा उत्त प्रतियोगितालाई सहयोग गरेको जनाए । फरक प्रशंगमा उनले १३ औं सागको लागि पोखरा रंगशालाको क्रिकेट मैदानमा निर्माण गरेको भौतिक संरचनाको रकम अझै भुक्तानी नभएको गुनासो गरे । संघले ७ वटै प्रदेशमा मुख्यमन्त्री कप क्रिकेट प्रतियोगिता सहित ठुलो क्रिकेट प्रतियोगिता गर्ने लक्ष्य राखेको गौतमले जनाए ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एकराज गिरीले पोखरा रंगशालामा अब विस्तारै खेलकुद गतिविधि हुन थालेकोले यसले गर्दा खेलाडीहरुलाई समेत थप हौसला हुने जनाए । सुपर जेनरल कम्पनीका फौजल अलिले क्रिकेटको खेलको विकासको लागि आफुहरुले निरन्तर सहयोग गर्न चाहेको बताए ।

# ठगी मुद्दामा तीन वर्ष कैद

**पोखरापत्र संवाददाता**
**तनहुँ १० फागुन**

तनहुँको व्यास नगरपालिका-२ स्थित दमौली बचत तथा ऋण सहकारीको रकम हिनामिना सम्बन्धमा जिल्ला अदालत तनहुँमा दर्ता भएको ठगी मुद्दामा पाँचजनालाई कैद सजायको फैसला भएको छ । जिल्ला न्यायाधीश वासुदेव पौडेलको इजलाशले पाँच प्रतिवादीलाई तीन वर्ष कैद र रु ३० हजार जरिवानाको फैसला गरेको हो । जिल्ला अदालत तनहुँका स्रेस्तेदार मीनबहादुर कुँवरका अनुसार व्यास नगरपालिका-२ का दिव्या थापा, राजु थापा, व्यास नगरपालिका-१ का दीपिका थापा, व्यास नगरपालिका-५ का याममाया दरै र व्यास नगरपालिका-१० का चेलीमाया थापालाई तीन वर्ष कैद सजायको फैसला भएको छ । साथै बिगोको हकमा सोही प्रतिवादीबाट दामासाहीरुपमा भराउने फैसलासमेत अदालतले गरेको उहाँले जानकारी दिए । जिल्ला अदालतले अन्य प्रतिवादीलाई भने सफाइ दिएको छ । हरिबहादुर गुरुङले १६ जनालाई प्रतिवादी बनाएर विसं २०७५ असार ६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेका थिए ।

# आठ वटा...

तामनगरमा, कर्णाली प्रदेशको सुर्खेतस्थितस्वास्थ्यनिर्देशनालयको परिसरमा, सुदूरपश्चिम प्रदेशको धनगढीस्थित स्वास्थ्य तालीम केन्द्रको परिसरमा भण्डारण गृह निर्माण हुँदैछ भने केन्द्रीय भण्डारण गृह पथलैया मेडिकल स्टोरको परिसरमा बन्दैछ ।

मन्त्रालयको शहरी विकास तथा भवन निर्माण विभागको स्वास्थ्य भवन शाखा प्रमुख सुरोज पौडेलका अनुसार प्रति भण्डारण गृह रु एक करोड २० लाखका दरले आठ वटा भण्डारण गृह निर्माणमा कुल रु नौ करोड साठी लाख खर्च हुनेछ । उनका अनुसार प्रदेश-२, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशअन्तर्गत निर्माण हुने खोप भण्डारण केन्द्रको ठेक्का सम्झौता भएर कार्यादेश दिइसकिएको छ भने प्रदेश नम्बर १ तथा लुम्बिनी प्रदेशअन्तर्गत निर्माण हुने भण्डारण गृहको बोलपत्र स्वीकृत भई कार्य सम्झौता गर्न पत्राचार भइसकेको छ ।

बाग्मती प्रदेश, गण्डकी प्रदेश तथा केन्द्रीय भण्डारण गृहको बोलपत्र स्वीकृत गरी आशयको सूचना प्रकाशन भएको पौडेलले बताए । कार्यादेश दिएको दुई महिनाभित्र निर्माण कार्य सम्पन्न भई प्रयोग गर्न मिल्ने बताइएको सो भण्डारण गृहमा सम्बन्धित प्रदेशहरुका लागि आवश्यक खोप प्रदेशअन्तर्गतको भण्डारण गृहमा राखिने तथा बाँकी खोप आवश्यकता बमोजिमको प्रयोजनका लागि केन्द्रीय भण्डारण गृहमा राखिनेछ ।

# बसाईसराईका कारण गाँउका विद्यालय संकटमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० फागुन**

श्री शितला माध्यमिक विद्यालय गलेम, फेदीखोला स्याङजाले ६३ औं वार्षिक कार्यक्रम विविध कार्यक्रम सञ्चालन गरी फाल्गुन ९ गते आइतवार भव्यतापूर्वक सम्पन्न गऱ्यो ।

सो अवशरमा विभिन्न वक्ताहरुले शहरमा वसाइ सराईका कारण ग्रामीण भेकका विद्यालयहरु संकटमा परेको धारणा राख्दै गाँउमा आर्थिका गतिविधि हुनुपर्नेमा जोड दिए । सो अवशरमा प्रमुख अतिथि फेदीखोला गाँउपालिकाका अध्यक्ष घनश्याम सुवेदीले फेदीखोला गाँउपालिकाले गाँउपालिकाको विकासका लागि प्रविधि, पूर्वाधार र प्रोत्साहनलाई जोड दिएको स्मरण गराए । उनले भने 'गाँउको पैसा बजार गएको छ । गाँउलेका लागि आफ्नो भिरपाखा, वन, पानीको माया छ । आर्थिक कृयाकलाप अभावका कारण जीवनयापन गर्न गाह्रो छ ।' सुन्दर र समुन्नत फेदीखोलाको नारा बोकेर गाँउपालिका अघि



बढिरहेको स्मरण गर्दै सुवेदीले भने 'अहिले गाँउपालिकाले बाँझो जमिनमा खेती गर्नेलाइ प्रति रोपनी २००० अनुदान दिएका छौं ।'

सो अवशरमा फेदीखोला गाँउपालिका वडा नं. ४ का अध्यक्ष माधव सुवेदीले भने 'गाँउपालिकाले आफ्नै हावा, पानी, माटो चिनाउने गरी आफ्नै पाठ्यक्रम तयार गर्दैछ ।' कार्यक्रममा फेदीखोला शिक्षा शाखा प्रमुख रामचन्द्र गरुङले भने 'विद्यार्थी भनेको विद्यालयको मुटु हो ।' आफ्नो सन्तानलाई सामुदायक विद्यालयमा पढाउन आग्रह गर्दै गुरुङले भने 'गाँउको विकास गर्न व्यावहारीक शिक्षाका लागि प्रोजेक्टर समेत वितरण गरेका छौं ।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मेजर दिलबहादुर गुरुङको सभापतित्वमा भएको शुभकार्यक्रममा कर्मफाइट फाउण्डेशनका म्यानेजिङ डाइरेक्टर प्रेमबहादुर कुँवर, साहित्यकार रवीन्द्र माकाजू, शिक्षक अभिभावक संघका अध्यक्ष, छविलाल शर्मा पौडेल, छात्रा नन्जिता गुरुङ लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए भने विभिन्न छात्र,छात्राले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । कार्यक्रममा कर्मफल्याइट फाउण्डेशनतर्फबाट विद्यालयलाई खेलकुद सामाग्री हस्तान्तरण गरिएको थियो ।

# बारपाकमा एकै घरमा सुतेका तीन मृतावस्थामा

**पोखरापत्र संवाददाता**
**गोरखा १० फागुन**

एउटै घरमा सुतेका तीन जना मृतावस्थामा भेटिएका छन् ।

बारापाक सुलिकोट गाउँपालिका-१ बारपाकस्थित धाँमी तोराङमा गएराति एउटै घरमा सुतेका एक पुरुष र दुई महिला मृतावस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक सुरेन्द्रबहादुर गुरुङले जानकारी दिए । उनका अनुसार मृतावस्थामा भेटिनेमा ८४ वर्षीय दिलबहादुर गुरुङ, उहाँकी बुहारी २२ वर्षीया आइतकुमारी गुरुङ र १३ वर्षीया नातिनी (छोरीकी छोरी) उषा गुरुङ रहेका छन् । सोमबार बिहान अबेरसम्म पनि घरको ढोका नखुलेपछि सँगैको छिमेकीले भित्र गएर हेर्दा तीनै जना मृतावस्थामा देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । अहिले इलाका प्रहरी कार्यालय जौवारीका प्रहरी निरीक्षक ईश्वर लौडारीको नेतृत्वको टोली घटनास्थलतर्फ पठाइएको उपरीक्षक गुरुङले जानकारी दिए । घटनास्थलमा पुगेर थप अनुसन्धान नगरेसम्म घटनाका बारेमा थप केही बताउन नसक्ने उनको भनाइ छ ।





**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५३२५०८, ०६१–५२०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# वार्ताका लागि ईमान्दार बन

नेत्र बिक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी सरकारसंग वार्तामा बस्न सकारात्मक भएको छ। सरकारसंग पटक-पटकका अनौपचारिक भेटघाटले विप्लव सकारात्मक देखिएका छन। निरन्तरको प्रयास फलस्वरूप विप्लवले 'वार्तामा सकारात्मक' रहेको विज्ञप्ति स्वयं प्रकाशन गरेका छन्। सरकार र विप्लव दुवैले देखावटीका लागि होइन भने दुई वर्षदेखि प्रतिबन्धित दल राजनीतिक मूलधारमा आउने सम्भावनाको ढोका खुलेको छ । प्रतिनिधि सभा विघटन पछि राजनीतिक दलहरु बीच आरोप प्रत्यारोपमा लागेको बेला भूमिगत राजनीति गरेको समूह र सरकार बीच वार्ताको वातावरण बन्न लागेको समाचारले सकारात्मक सन्देश दिएको छ।

दस वर्षको सशस्त्र आन्दोलन ब्यहोर्न बाध्य नेपाली जनताले शान्ति र स्थिरता खोजेका छन। शान्तितर्फ अग्रसर देशमा सर्वसाधारण विगतको युद्धको नाम सुन्नसमेत चाहँदैनन्। १७ हजार भन्दा बढीको शाहदत भएको। बेपत्ता भएका, घाइते तथा अंगभंग भएकाको पिडा सबैका आँखा अगाडि छासत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगले काम सकेको छैन । शान्तिसम्झौताका काम पुरा नभएको बेला फेरि पुरानै शैलीको द्वन्द्व देशले थेग्न सक्दैन। देशमा शान्ति छावोस र विकास होस भन्ने चाहना राख्ने नेपालीलाई विप्लव वार्तामा आउने विषयले सिंगै देशमा पृथक खुसी दिलाएको छ। हुन पनि विभिन्न राजनीतिक माग राखेर हिंसात्मक गतिविधि अघि सार्दै भूमिगत राजनीतिमा सक्रिय विप्लव नेतृत्वको माओवादीबाट त्रास सिर्जना भइरहेको थियो । त्यसमा मलम लगाउने गरी वार्ताको वातावरण बन्नु मुलुकका लागि शुभसंकेत हो। यसका लागि सरकार र विप्लव नेतृत्वको माओवादी दुवै पक्ष ईमान्दार हुनुपर्छ। वार्तालाई निर्णायक बनाएर मुलुकमा रहिरहने राजनीतिक अशान्ति सधैंका लागि अन्त्य गर्ने अभियानमा सबैको योगदान हुनुपर्छ।

प्रचण्डले नेतृत्व गरेको नेकपा माओवादीबाट चोइटिएर २०६९ मा फरक नेकपा माओवादी नामक पार्टी गठन गरेका मोहन वैद्य, रामबहादुर थापा (बादल) लगायतका नेताहरूबाट समेत अलग्गिएर विप्लवले २०७१ सालमा आफ्नै नेतृत्वमा पार्टी गठन गरेका थिए। विस्तारै भूमिगत शैलीमा आन्दोलन सुरु गरेका थिए। सशस्त्र द्वन्द्वकै झल्को दिनेगरी व्यक्ति अपहरण, चन्दा असुली, धम्कीलगायत गतिविधि सञ्चालन गरेपछि उक्त दललाई सरकारले राजनीतिक प्रतिबन्ध लगाएको थियो। यस बीचमा पनि उक्त दलले अपहरण, बम विस्फोट, व्यक्ति हत्या जस्ता क्रियाकलाप जारी नै राख्यो। विगतमा पनि वार्ताका लागि सरकारले कार्यदल गठन गरेर औपचारिक तथा अनौपचारिक छलफल अघि बढाएको भए पनि सफल भएको थिएन । पछिल्लो पटक प्रधानमन्त्री स्वयंले सार्वजनिक कार्यक्रममार्फत वार्तामा बस्न तयार रहने भए उक्त दलमाथि लगाएको प्रतिबन्ध फुकुवा गर्नेलगायतका प्रक्रियामा सरकार अघि बढ्ने घोषणा गरे र विप्लवले पनि प्रेस विज्ञप्तिमार्फत उक्त प्रस्ताव स्वीकार गरे। पछिल्ला दिनमा विकसित राजनीतिक घटनाक्रमबाट भने यसपटकको वार्ता तार्किक निष्कर्षमा पुग्ने आशा पलाएको छ। यसलाई निर्णायक बनाउनुपर्छ । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन नेकपा विभाजन भएको र अन्य दल र नागरिक समाजको ठूलो हिस्सा बिरोधमा लागेको बेला वार्ताको नाटक गरेको हो भने त्यो प्रत्युत्पादक हुन्छ। विप्लवले कमजोर भएको आन्दोलनलाई दलहरूको झगडाले आफ्नो पार्टीलाई फाइदाका लागि लागि उपयोग गरेको होइन भन्ने देखाउनुपर्छ। दुवै पक्ष ईमान्दार रुपमा वार्तामा वसेर देशलाई विदेशीको प्रयोगशाला बन्न नदिन राष्ट्रियताको लागि जिम्मेवार छौं भन्ने देखाउन जरुरी छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : झमेला बढ्ने |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारिरीक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : मानसिक तनाब | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

Siddhi Bhakta Shrestha
9846036877
9805881681
Chain EXPRESS
INTERNATIONAL, COURIER & CARGO SERVICE
Mahendrapul, Chipledhunga Road, Pokhara, Tel: 061-534811
Kathmandu Office:
Kontrakt Express
Tripureswor, Kathmandu
01-4218223, 4212760
International Express Service
DHL WORLDWIDE EXPRESS
FedEx Express

# प्रकृति र संस्कृतिमा घरवासको सफलता देख्दै ब्युहूँकोटवासी

– वासुदेव पौडेल
गण्डकी, १० फागुन

स्थानीय जागरुकताको अभावमा प्रकृति र संस्कृतिमा सम्पन्न भएर पनि देशका विभिन्न रमणीय स्थान ओझेलमा परिरहेका अवस्थामा बागलुङको ब्युहूँकोटका स्थानीयवासी भने यहाँका प्रकृति र संस्कृतिलाई घरवाससँग जोड्दै समृद्धिको यात्रामा जुटेका छन्।

पर्यटकीय नगरी पोखराबाट ७२ किमी दूरी पार गरी पुगिने बागलुङबाट करिब २२ किमी सडक पार गरेपछि बाग्लुङ जिल्लाको काठेखोला गाउँपालिका-५ स्थित शिवधुरी, ब्युहूँकोटमा पुग्न सकिन्छ। ब्युहूँकोटबाट ६० किमी दूरी पार गरेपछि नेपालकै महत्वपूर्ण ढोरपाटन शिकार आरक्ष पुगिने भएकाले पनि यस स्थानको गरिमा र महत्व अझै बढाएको छ।

लाखौं रुपैयाँ खर्चेर शिकारका लागि विशेषतः विदेशी पर्यटक बर्सेनि ढोरपाटन शिकार आरक्ष आउँछन् । ढोरपाटन आउनेमध्ये कतिपय काठमाडौंबाट सिधै हेलिकप्टरमार्फत आउँछन् भने कतिपय पोखरा हुँदै यही ब्युहूँकोट भएर सवारी साधनमार्फत पुग्दछन् । पछिल्ला वर्षमा देशका विभिन्न भागबाट शिकारको प्रयोजनका लागि नभई सामान्य घुमफिरका लागि ढोरपाटन पुग्नेको सङ्ख्या बढिरहेको छ।

प्राकृतिक र सांस्कृतिकरूपमा पनि सम्पन्न ब्युहूँकोटमा यहाँका प्रकृति र संस्कृतिलाई जोड्ने गरी घरवास (होमस्टे) सञ्चालनमा ल्याइएको शिवधुरी सामुदायिक घरवासका अध्यक्ष प्रेमबहादुर श्रीसले बताउनुभयो । "पोखरा हुँदै ढोरपाटनसम्म पुग्ने पर्यटकका लागि हामीले सुविधासम्पन्न घरवास सञ्चालनमा ल्याएका छौं", उहाँले भन्नुभयो, "प्रकृति र संस्कृतिलाई जोड्दै पर्यटकको आकर्षक गन्तव्यका रूपमा शिवधुरी सामुदायिक होमस्टेको विकास गर्ने हाम्रो दीर्घकालीन लक्ष्य छ।"

घरवास पर्यटनमा पूर्वाधार विकासका लागि राज्यको सहयोग अपरिहार्य भएको बताउँदै अध्यक्ष श्रीसले सहुलियतपूर्ण ब्याजदरमा ऋण प्रवाह हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। घरवास सञ्चालनका लागि निर्धारित मापदण्डलाई सहज बनाउनुपर्ने उल्लेख गर्दै उहाँले ब्युहूँकोटजस्ता सुन्दर गाउँ प्रवर्द्धनको पर्खाइमा रहेको बताउनुभयो।

ब्युहूँकोटमा मगरलगायत सबै वर्ग र समुदाय मिलेर बसेका छन् । यहाँ आउने पर्यटकले मगर संस्कृतिका विविध पक्षका साथै मारुनी र सोरठीजस्ता नृत्य प्रत्यक्ष अवलोकन गर्न पाउने अध्यक्ष श्रीसले जानकारी दिनुभयो। गाउँमा रहेका विभिन्न पञ्चेबाजाको समूह, ब्राह्मण समुदायको भजन चुड्काले पनि यहाँको संस्कृतिलाई थप मद्दत पुर्‍याएको घरवास सञ्चालक समितिका उपाध्यक्ष ध्रुवबहादुर कँडेलले बताउनुभयो । पर्यटकीय सम्भावनालाई दृष्टिगत गरी स्थानीयवासीले वरपर उपलब्ध सामग्रीको उपयोग गरी दृश्यावलोकन स्तम्भसमेत निर्माण गरेका छन् । "प्रकृति र संस्कृतिका विविधतालाई पर्यटकमाझ पुर्‍याउँदै स्थानीय प्राङ्गारिक उत्पादनको स्वाद लिनसक्ने गरी घरवास सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो। स्थानीयवासीले होमस्टेमा आउने पर्यटकलाई स्थानीयरूपमा नै उत्पादित विभिन्न तरकारीका साथै भाँगोको अचार, सिलामे चामलको भात, बाकोको सिन्की आदिको स्वाद चखाउने गरेका छन् । पछिल्ला दिनमा पर्यटकलाई लक्षित गरी किवीलगायतका फलफूल उत्पादन गर्ने क्रम पनि बढेको छ । घरवासको प्रभावकारिताका लागि गाउँ पर्यटन प्रवर्द्धन मञ्च भिटोफले अघिल्लो वर्ष बागलुङमा गरिएको घरवास तालीममा यहाँका सञ्चालक सहभागी भएको गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष नवराज अधिकारीले जानकारी दिनुभयो।

शिवधुरी धार्मिक एवं ऐतिहासकस्थल पनि हो । सडक पूर्वाधार नबन्दै बागलुङबाट बुर्तिबाङ, ढोरपाटन हिँड्ने मुख्य पैदल मार्गसमेत भएकोले यसको प्राचीनकालदेखि नै महत्व रहँदै आएको स्थानीयवासी बताउँछन् । ब्युहूँकोट आसपासमा रहेका त्रिपुरेश्वर महादेव मन्दिर, शिवपुरी धाम, घोडा बाँधे आदि यहाँका महत्वपूर्ण आकर्षण रहेको काठेखोला गाउँ कार्यपालिकाका सदस्य एवं स्थानीय समाजसेवी हेमलाल विकले बताउनुभयो। दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वासका साथ यहाँस्थित शिवपुरी धाममा टाढाटाढाबाट दर्शनार्थी आउने गरेका छन् । नजिकै रहेका यी धार्मिक एवं ऐतिहासिकस्थलका कारण यसलाई धार्मिक पर्यटनको पनि आकर्षक गन्तव्यका रूपमा विकास गरिने लक्ष्य राखिएको अध्यक्ष श्रीसले बताउनुभयो।

घरवास शुरु गरे पनि विश्वव्यापी फैलिएको कोभिड-१९ को महामारीका कारण यहाँको घरवास पनि प्रभावित भएको होमस्टेका सचिव प्रेमबहादुर पुनले जानकारी दिनुभयो । "कोरोनाको कहरले हाम्रो होमस्टेलाई पनि नराम्रोसँग प्रभावित गर्‍यो, आगामी दिनमा पुनः यस क्षेत्रमा पर्यटकीय गतिविधि बढ्ने विश्वास लिएका छौं", उहाँले भन्नुभयो । प्राकृतिकरूपमा सुन्दर धार्मिक पर्यटकीय गन्तव्यका साथै विभिन्न जातजातिका संस्कृतिलाई यहाँको पर्यटकीय विकासमा भरपुर उपयोग गरिने उहाँले बताउनुभयो।

प्रकृति र संस्कृतिलाई घरवाससँग जोड्दै समृद्धिका लागि यहाँका स्थानीयवासीले देखाएको सक्रियता प्रशंसायोग्य भएको गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष अधिकारी बताउनुहुन्छ। 'हरेक गाउँ, पर्यटकीय ठाउँ' भन्ने नाराका साथ भिटोफले गाउँ पर्यटनको प्रवर्द्धन र विकासमा जोड दिएको बताउँदै उहाँले स्थानीयवासीको जागरुकता भएमा यहाँको विकासका हरेक पक्षमा आफूहरूले साथ र सहयोग गर्ने बताउनुभयो । लामो समयदेखि कोरोनाले थलिएको पर्यटनलाई चलायमान बनाउने उद्देश्यका साथ पर्यटनसम्बद्ध क्षेत्रका प्रतिनिधि, सञ्चारकर्मीसहितको टोली पुनःउत्थान एवं प्रवर्द्धन कार्यक्रमसहित एक महिना अघि ब्युहूँकोटमा पुगेको बताउँदै उहाँले उक्त क्षेत्रको पर्यटकीय सम्भावना धेरै पाइएको उल्लेख गर्नुभयो। "प्रकृति र संस्कृति नै गाउँ पर्यटनका प्रमुख आधार हुन्, यिनीहरूको उपयोगबाटै गाउँ पर्यटनको विकास सम्भव छ", उहाँले भन्नुभयो, "स्थानीय जागरुकतासँगै राज्यको साथ र सहयोग भएमा नेपालका धेरै गाउँ पर्यटकीयरुपमा विकास हुने प्रचुर सम्भावना छ।"

# पर्यटकीयस्थल मालिका धुरी जोड्ने पदमार्ग निर्माण

– सन्तोष गौतम
म्याग्दी, १० फागुन

म्याग्दीको मालिका र रघुगङ्गा गाउँपालिकाको सिमानामा पर्ने धार्मिक पर्यटकीय स्थल मालिका धुरी जोड्ने पदमार्ग निर्माण भएको छ।

गण्डकी प्रदेश सरकारअन्तर्गतको भू तथा जलाधार संरक्षण कार्यालयले मालिका-७ बिम र वडा नं ६ को दुखु हुँदै मालिका धुरी जाने पदमार्ग निर्माण गरेको हो । कार्यालयका संरक्षण अधिकृत शम्भुकुमार मिश्रले एक हजार २७२ मिटर पदमार्ग निर्माण भएको जानकारी दिनुभयो । "उकालोमा १.५ मिटर चौडाइमा ढुङ्गा चिनेर र तेर्सोमा ढुङ्गा बिछ्याइएको छ", उहाँले भन्नुभयो, "उपभोक्ता समितिले रु ३९ लाख २० हजार भुक्तानी लगेका छन् ।" देउराली भन्ने ठाउँभन्दा केही माथिबाट मालिका धुरीसम्मै पदमार्ग बनाइएको हो।

यसैगरी मालिका धुरी परिसरमा ५१० मिटर सुक्खा पर्खाल निर्माण भएको छ । पदमार्गमा प्रयोग गर्ने ढुङ्गा ओसार्न थप ३०० मिटर माटो काटेर पदमार्ग बनाइएको छ। डेढ सय स्थानीय युवाले एक महिनासम्म जङ्गलमा बास बसेर पदमार्ग निर्माण गरेको उपभोक्ता समितिका अध्यक्ष देवबहादुर पुनले बताउनुभयो । "नजिकै बस्ती नभएकाले जङ्गलमै बास बसेर पदमार्ग बनायौं", उहाँले भन्नुभयो, "मजदुरलाई शिविर बनाएर राख्नुपर्दा व्यवस्थापनमा पनि खर्च भयो।"

यसअघि उकालो, भिरालो र साँघुरो बाटोमा जोखिमपूर्ण यात्रा गर्नुपर्ने समस्या थियो । पदमार्ग निर्माण भएपछि सुरक्षित र सहजरूपमा यात्रा गर्न सकिने भएको बिमका पलवीर जुग्जालीले बताउनुभयो । "साँघुरो बाटोमा चिप्लिएर लड्ने जोखिम थियो", उहाँले भन्नुभयो, "अब भने ढुक्क भएर हिँड्न सकिन्छ।"

सडक र पदमार्ग बनेपछि मालिकाको यात्राअवधि छोटिएको छ । मालिका गाउँपालिकाले बिम हुँदै मालिका धुरी जाने ११ किलोमिटर सडक निर्माण गरेको छ। रु ८३ लाखको लागतमा बाइन्दफाँटदेखि धौलागङ्गा र नागीथलाको बीचसम्म सडक पुर्‍याइएको बिमका वडाध्यक्ष रेशम जुग्जालीले जानकारी दिनुभयो।

"बिमबाट अहिले साढे दुईदेखि तीन घण्टामै मालिका पुग्न सकिन्छ", उहाँले भन्नुभयो, "पहिलेको तुलनामा आधाभन्दा धेरै यात्रा अवधि घटेको छ।" मालिका गाउँपालिकाको वडा नं ७ र ६ तथा रघुगङ्गा गाउँपालिकाको वडा नं ६ को सिमानामा अवस्थित मालिका धुरी समुद्री सतहदेखि तीन हजार ४०० मिटरको उचाइमा अवस्थित छ। रघुगङ्गा गाउँपालिकाले रु १० लाखको लागतमा ठाडाखानीदेखि पहिरेनीसम्म करिब पाँच किलोमिटर सडक र रु चार लाख २० हजारमा बथानडाँडादेखि सरघारीसम्मको उकालो बाटोमा तीन किलोमिटर पैदलमार्ग निर्माण गरेको छ। बीस भन्दा बढी हिमशृङ्खला, सूर्योदय, म्याग्दीका ३५ भन्दा बढी गाउँ, लालीगुराँस, वन्यजन्तु, पक्षीको अवलोकन गर्न सकिने मालिकाको धार्मिक महत्व छ । दर्शन र पूजाआजा गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको मालिका क्षेत्र विकास समितिका अध्यक्ष छकप्रसाद पाइजाले बताउनुभयो । "सन्तान, रोजगारी, शिक्षा, व्यापार, व्यवसायदेखि राजनीतिमा सफलताको कामना पूरा भएकाको जेष्ठी, चण्डी पूर्णिमा र भाइतिहारका दिन बलि चढाउन आउनेको भीड लाग्छ", उहाँले भन्नुभयो, "म्याग्दी र छिमेकी जिल्लाका साथै काठमाडौं, पोखरालगायत ठाउँबाट भक्तजन आउँछन् ।" मालिका, कालिका र जाल्पादेवीको मूर्ति रहेको मालिका थानमा भाकल पूरा भएमा बोका र परेवाको बलि चढाउने चलन छ । लालीगुराँसको जङ्गलको बीचमा रहेको मालिकादेखि सिस्ने, गुर्जा, मानापाथी, धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लुलगायत २० भन्दा बढी हिमशृङ्खला, सूर्योदय, म्याग्दीका अधिकांश बस्तीको अवलोकन गर्न सकिन्छ।

सदरमुकाम बेनीदेखि सवारी साधनमार्फत एकै दिन र पैदलयात्रा गर्दा दुई दिनमा पुगिने मालिका क्षेत्रको जङ्गलमा पाइने वन्यजन्तु, पक्षी, विभिन्न प्रजातिका फूल, जडीबुटी र वन पैदावार थप आकर्षण हो। गत वर्ष विनियोजन भएको रु १५ लाख बजेटबाट सत्तल र मालिका थान परिसरमा पर्खाल बनाएर रेलिङ निर्माण भएको छ। थप पूर्वाधार बनाउन विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पार्ने काम अन्तिम चरणमा पुगेको मालिका गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोकाले बताउनुभयो । उहाँका अनुसार खानेपानी व्यवस्थापन र हेलिप्याड निर्माण गर्ने तयारी भएको छ।

# नेकपा विवादले देश सङ्कटमा पर्‍यो: महामन्त्री सिंह

पोखरापत्र संवाददाता
बलेवा १० फागुन

नेपाल कम्युनिष्ट पार्टी (मसाल)का महामन्त्री मोहनविक्रम सिंहले नेपाल कम्युनिष्ट पार्टी (नेकपा)मा आएको समस्या सो दलमा मात्र सीमित नभएको बताउनुभएको छ।

प्रगतिशील पत्रकार सङ्घ बागलुङले आज बागलुङमा गरेको पत्रकार सम्मेलनमा सिंहले संविधानको रक्षा, गणतन्त्र संस्थागत गर्ने कार्य र धर्मनिरपेक्षताको रक्षा जस्ता महत्वपूर्ण विषयमा पनि नेकपा विवादको असर पर्ने जनाउनुभयो।

"यस्तो बेलामा विदेशी शक्ति र प्रतिक्रियादीहरूले मुन्टो उठाउँछन्", उहाँले भन्नुभयो, "नेकपाले आन्तरिक विवाद समाधान गर्न नसक्दा देश नै सङ्कटमा पर्‍यो ।" धर्मनिरपेक्षता हटाउन र एमसिसी सम्झौता पारित गर्नका लागि अहिलेको परिस्थिति सिर्जना भएको उहाँको भनाइ थियो।

प्रतिनिधिसभा विघटन गरेर प्रधानमन्त्रीले गल्ती गरेको आरोप उहाँले लगाउनुभयो। "छ दशकसम्म लडेर बनाइएको संविधान हो, संविधानको रक्षा नहुँदा सबै उपलब्धि गुम्छन्", उहाँले भन्नुभयो। सङ्घीय सरकारलाई दिएको समर्थन फिर्ता गरेको मसालले गण्डकी प्रदेश सरकारलाई दिएको समर्थन भने कायम राख्ने सङ्केत उहाँले गर्नुभयो।

# तीन वनमा आगलागी

पोखरापत्र संवाददाता
बागलुङ, १० फागुन

बागलुङको गलकोटका तीन सामुदायिक वनमा आगलागी भएको छ । सोमबार दिउँसोदेखि तीनवटै सामुदायिक वनमा आगलागी भएको हो । आगो नियन्त्रणबाहिर रहेकाले स्थानीयवासी चिन्तित बनेका छन्।

गलकोट नगरपालिका-५ र ७ का तीन सामुदायिक वनमा आगलागी हुँदा करोडौंको क्षति भएको थम्मन थापाले बताउनुभयो। भैंसे दान्सिङडाँडा सामुदायिक वन गलकोट नगरपालिका-५ देखि शुरु भएको आगो छिमेकी वडाको ठूलाचौर सामुदायिक वनसम्म फैलिएको छ।

आगलागीका कारण दानसिङडाँडा सामुदायिक वनको झण्डै ४० हेक्टर क्षेत्रफलमा क्षति भएको सामुदायिक वनका सदस्य मानबहादुर भण्डारीले जानकारी दिनुभयो। दिउँसोदेखि इलाका प्रहरी कार्यालय गलकोट र स्थानीयवासीले आगो निभाउने प्रयास गरे पनि अहिले आगो नियन्त्रणबाहिर रहेको उहाँले बताउनुभयो।

सोही आगो छिमेकी वडा नं ७ को ठूलाचौर सामुदायिक वनमा प्रवेश गरेसँगै उक्त सामुदायिक वनको झण्डै २० हेक्टर क्षेत्रफल क्षति भएको सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष थुमकुमारी थापाले जानकारी दिनुभयो । आगोको कारण दानसिंङ सामुदायिक वनसँगै जोडिएको गगनपानी सामुदायिक वन गलकोट नगरपालिका-५ को झण्डै पाँच हेक्टर क्षेत्रफल वन क्षेत्रमा पनि क्षति भएको बताइएको छ । ठूलाचौर महिला सामुदायिक वन, दानसिङडाँडा सामुदायिक वन सिमाना जोडिएका वन हुन्। आगो अहिले पनि जङ्गलमा फैलिरहेको छ। आगो बस्तीतिर आउने खतरा रहेको भन्दै स्थानीयवासी चिन्तित भएको गलकोट नगरपालिका-७ का वडाध्यक्ष सुवेदार टीकाबहादुर थापाले जानकारी दिनुभयो।

आगो निभाउन स्थानीयवासी र प्रहरीको सक्रियता रहेको वडाध्यक्ष थापाले बताउनुभयो। वन क्षेत्रमा आगलागी हुँदा वनमा रहेका जीवजन्तु, चराचुरुङ्गी र रूखबिरुवा जलेर नष्ट भएका छन् । साँझ परिसकेको र भीरमा आगलागी भइरहेको हुँदा आगो नियन्त्रण गर्न कठिन भएको ठूलाचौर सामुदायिक वन उपभोक्ता समितिका सचिव सुनिता साहानी थापाले जानकारी दिनुभयो। आगलागी हुँदा करोडौंको क्षति भएको छ।

# नेपाल सुपर लिग फुटबल वैशाख दोस्रो साता

रासस
काठमाडौं, १० फागुन

नेपाल सुपर लिग (एनएसएल) फुटबल प्रतियोगिता आगामी वैशाख दोस्रो सातादेखि शुरु हुने भएको छ।

नेपाल स्पोर्ट्स एण्ड इभेन्ट्स म्यानेजमेन्टले आयोजना गर्ने उक्त प्रतियोगिता वैशाख ११ गतेदेखि सञ्चालन हुनेछ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सञ्चालन हुने उक्त प्रतियोगिता वैशाख २५ गतेसम्म चल्ने आयोजक संस्थाले जनाएको छ। अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को प्राविधिक सहयोगमा हुने सो लिगमा सातवटै प्रदेशको सात टोलीको सहभागिता रहने छ।

प्रतियोगिता राउण्ड रोबिन लिगको आधारमा हुनेछ। प्रत्येक टोलीमा तीन विदेशी खेलाडी राख्न पाइने प्रावधान छ। खेलाडीको छनोट अक्सनबाट हुनेछ । अक्सनबाट प्रत्येक टोलीले २० खेलाडी छनोट गर्न पाउने आयोजक संस्थाले जनाएको छ।

# दश कृषि परियोजनाका कृषकलाई आठ करोड अनुदान

**पोखरापत्र संवाददाता**
**गलकोट, १० फागुन**

कृषि ज्ञान केन्द्र बागलुङमा स्थापना भएसँगै योजना कार्यान्वयन शुरु गरेको छ । एक महिनाअघि मात्रै बागलुङमा स्थापना भएको कृषि ज्ञान केन्द्र बागलुङले २२१ साना ठूला कृषि फर्मलाई अनुदान दिनका लागि प्रस्ताव स्वीकृत गरेको छ।

केन्द्रले बागलुङमा आर्थिक वर्ष २०७७/७८ का लागि अनुदानका लागि प्रस्ताव आह्वान गरेको थियो । अनुदानका लागि आएको ५८७ प्रस्तावनामा विगतका वर्षमा अनुदान नपाएका, लगानी गर्न सक्ने तथा दुर्गमतालाई आधार मानेर २२१ कृषि फर्म स्वीकृत गरेको कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले जानकारी दिनुभयो । भट्टराईका अनुसार रु आठ करोड १७ लाख अनुदान १० प्रकारका परियोजनाका २२१ कृषि फर्मलाई दिन लागिएको हो।

"कृषि ज्ञान केन्द्र बागलुङ स्थापनासँगै योजनाहरू अगाडि बढाइएको छ, अहिले १० प्रकारका परियोजनाका लागि रु आठ करोडभन्दा बढी २२१ कृषि फर्मलाई प्रदान गर्न थालिएको छ", केन्द्र प्रमुख भट्टराईले भन्नुभयो, "तत्कालै सम्झौता गरी जेठभित्र सबै योजना सक्नुपर्ने हुन्छ, अनुदान प्राप्त रकमअनुसार किसानको तर्फबाट समेत ५० प्रतिशत र सोभन्दा माथिको काम गर्नुपर्ने प्रावधानसमेत रहेको छ।"

सबै योजनाको अनुदान रु एक लाखदेखि तीन लाखसम्म रहेका छन्। जिल्लाभरबाट छनोटमा परेका १० परियोजनामा साना सिँचाइका ५८ योजनामा रु दुई करोड, साना व्यवसायी कृषि फर्म स्थापना गर्ने ७२ योजनामा रु एक करोड आठ लाख, हरितगृह निर्माणका लागि ३२ योजनमा रु ४८ लाख, फलफूल नर्सरी तथा स्रोत केन्द्र स्थापनाका लागि दुई योजनामा रु पाँच लाख, स्थानीय कृषिउपज बिक्री केन्द्र स्थापनाका लागि तीन योजनामा रु १० लाख ५० हजार र ग्रामीण क्षेत्र करेसावारी घर र बगैँचा निर्माण गर्न १३ योजनामा रु १० लाख रकम अनुदानमा प्रदान गरिनेछ।

यस्तै मूल्य शृङ्खलामा आधारित योजनाका दुई वटा फर्मलाई रु २५ लाख, प्राङ्गारिक कृषि कार्यक्रमका लागि २७ योजनामा रु ८३ लाख, आलुखेती प्रर्वद्धन विशेष कार्यक्रमअन्तर्गत सात योजनामा रु ८३ लाख र क्लस्टर रैथाने बाली संरक्षण गर्ने छ योजनाका लागि रु १५ लाख अनुदान दिइने केन्द्र प्रमुख भट्टराईले जानकारी दिनुभयो।

कृषि फर्म छनोटमा महिला तथा दलित समुदायले गर्दै आएको व्यावसायिक कृषि फर्मलाई समेत प्राथमिकतामा राखिएको छ। यस्तै केन्द्रले जिल्लामा सञ्चालित आठ कृषि ब्लकलाई सुधार र तीन ब्लक थप गर्नसमेत बजेट विनियोजन गरेको छ । जिल्लामा रहेका विभिन्न प्रकृतिका आठ कृषि ब्लकलाई सुधार गर्न रु एक करोड ७५ लाख विनियोजन गरिएको छ। यस्तै बरेङ गाउँपालिका र बडिगाड गाउँपालिकामा मकै ब्लक स्थापना गरिने भएको छ भने ढोरपाटनमा तरकारी ब्लक स्थापना गरिनेछ । ब्लक स्थापना गर्नका लागि समिति गठन गरी कार्य शुरु गर्न रु ७५ लाख दिइने केन्द्रले जनाएको छ । सङ्घीयता कार्यान्वयनसँगै खारेजीमा परेको कृषि कार्यालय जिल्लाबाहिर हुँदा योजना परे पनि किसानले टाढा भएका कारण समस्या भोग्दै आएकामा अहिले जिल्लामै कृषि कार्यालय स्थापना भएपछि निकै सहज भएको कृषक रामबहादुर खड्काले बताउनुभयो। खड्का अध्यक्ष भएको गणेश कृषि व्यावसायिक सहकारी संस्था सिगानाले समेत साना सिँचाइ परियोजनाअन्तर्गतको अनुदान योजना प्राप्त गरेको छ।

# मेलम्ची खानेपानीको सुरुङ परीक्षण शुरु

**रासस**
**काठमाडौं १० फागुन**

मेलम्ची खानेपानी आयोजनाको साढे २६ किलोमिटर सुरुङमा सोमबार पुनः पानी भर्न थालेर परीक्षण शुरु गरिएको छ।

खानेपानी मन्त्रालय र मेलम्ची खानेपानी विकास समितिले आवश्यक सम्पूर्ण प्राविधिक काम पूरा गरेसँगै पानी हालेर परीक्षण गरिएको हो । खानेपानीमन्त्री मणि थापा, युवा तथा खेलकूदमन्त्री दावा तामाङ, शहरी विकास राज्यमन्त्री रामवीर मानन्धर र पूर्वकानूनमन्त्री शेरबहादुर तामाङलगायतले सो मबार सो कार्यको शुभारम्भ गरेका थिए । आयोजनास्थल अम्बाथान सुरुङमा नै औपचारिक कार्यक्रम गरेर काम अगाडि बढाइएको हो।

गत असार २१ गतेदेखि पानी परीक्षण शुरु गरेको आयोजनाले ३० गते १७ नं गेट फुटेर परीक्षण स्थगित गरिएको थियो । सो घटनामा दुईजनालाई खोलाले बगाएको समेत थियो । दुईमध्ये एकजनाको शव फेला परेको छ भने एकजनाको शव अझै फेला परेको छैन। मन्त्री थापाले पानी काठमाडौं लगेर वितरण गर्न सक्यो भने ठूलो उपलब्धि हासिल हुने बताए।

# गलकोटमा सामूहिक किबी खेती

**–तारानाथ आचार्य**
**बागलुङ, १० फागुन**

बागलुङको गलकोट नगरपालिका-४ खरुवाका किसानले सामूहिक किबी खेती अभियान थालेका छन् । समूहमा खेती गरेर किबीको व्यावसायिक उत्पादनका लागि किसान एकै ठाउँमा भएका हुन् । समूहमा खेती गर्दा बजारीकरणमा सहज हुने र खेती गर्ने जमीनकोसमेत एकीकरण हुने भएकाले सामूहिक खेती थालेको किसान बताउँछन्।

गलकोट नगरपालिकाको रु एक लाख ५० हजार आर्थिक सहयोग र बराहथान किबी उत्पादक कृषक समूहको आफ्नो लगानीबाट शनिबार ३०० किबीका बिरुवा रोपिएको हो । किबीका लागि खाडल खन्ने, ढुवानी र रोपण गर्ने समयसम्म रु सात लाख खर्च भएको समूहका अध्यक्ष उमाकान्त सुवेदीले बताउनुभयो । "नगरले समूहलाई अनुदान दिएको छ, किसानको मेहनत र नगद लगानीसमेत सामूहिक रुपमा भएको छ", उहाँले भन्नुभयो,"व्यावसायिक उत्पादनको आशा राखेका छौं।" किसानले एक हजार ५०० बिरुवा रोप्ने योजना बनाएका छन्।

पहिलो चरणमा १५ रोपनी जमीन व्यवस्थापन गरेर थालिएको अभियानलाई अझै बढाउने र किबीको पकेट क्षेत्र बनाउने योजना पनि उनीहरूले सुनाए । सुवेदीले भन्नुभो,"यो पहिलो चरणको थालनी मात्रै हो ।" किसानले थालेको अभियानमा वडाध्यक्ष बलबहादुर खत्रीले साथ दिने प्रतिबद्धता जनाउनुभयो।

साथै उहाँले बिरुवा खोजी र बजारीकरणको अभियानमा साथ दिने बताउनुभयो । गलकोट नगरपालिकाका कृषि अधिकृत हरिदत्त सुवेदीले किसानको मेहनतलाई प्राविधिक सहयोग गरेर सफल बनाउने बताउनुभयो। गलकोट क्षेत्रका केही किसानले व्यक्तिगत रुपमा लगाएको किबीले राम्रो फसल दिएकाले यहाँको माटो किबीका लागि उर्वर रहेको मानिएको छ । "धान कोदो लगाउँदा दुःख धेरै आम्दानी कम हुने अवस्था छ", किसान सुवेदीले भन्नुभयो, "किबीको बजार राम्रो छ, तत्कालै नगद पर्ने भएकाले पनि किसानका खर्च चलाउन सहज हुन्छ ।" खेतबारी र पाखोबारीका साथै किसानले वनमारा फँडानी गरेर खेतीयोग्य जमीन छेउका पखेरामासमेत बिरुवा लगाउने योजना बनाएका छन्।

**सुरक्षित वैदेशिक रोजगारीबारे सचेत बन्दै**

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषणरहित बनाउन बागलुङका चार स्थानीय तहमा सचेतनामूलक कार्यक्रम सञ्चालन हुन थालेपछि समुदायले चासो राख्न थालेका छन्।

वैदेशिक रोजगारीको विषयमा पर्याप्त सूचनाको तथा प्रमाण सङ्कलनको अभावले ठगिने र न्यायमा पहुँच पुग्ने भएपछि समुदाय तहमा पुगेर रोजागरीको लागि विदेशिने सम्भावित युवा र तिनका परिवारलाई सचेत गराउन थालिएको हो । सचेतना कार्यक्रममा सहभागी भएकाले चासोका साथ रोजगारीको विषयमा जानकारी लिने गरेका छन्।

स्थानीय तहको नेतृत्व, स्थानीय सेवा प्रदायक संस्था विवाइसीको स्थानीय व्यवस्थापनमा सञ्चालित सुरक्षित आप्रवासन परियोजना (सामी) अर्न्तगत ती स्थानीय तहको टोल टोलमा पुगेर वैदेशिक रोजगारमा रहेका परिवारका सदस्य र सम्भावित युवालाई सचेत गराउन थालेको सामी परियोजना संयोजक मीनप्रसाद उपाध्याले जानकारी दिनुभयो। वैदेशिक रोजगारीले देशमा गरीबी घटाउन ठूलो योगदान गरेको छ । यद्यपि वैदेशिक रोजगारीका फाइदाका अतिरिक्त यसमा विभिन्न किसिमका जोखिम छन् । वैदेशिक रोगजारीका क्रममा ठगिमा पर्ने, झुठो आश्वासन कबुल गरे भन्दा फरक काम तथा फरक सेवा सुविधा उपलब्ध हुने अवस्था छ। वैदेशिक रोजगारीमा चाहिने आवश्यक कागजातको सुरक्षा, मेनपावर कम्पनी अथवा एजेन्टलाई रकम उपलब्ध गराउँदा सङ्कलन गर्नुपर्ने प्रमाण, गन्तव्य मुलुकमा जाँदा नेपाली समाज र राजदूतावासको सम्पर्क र समन्वय, न्यायिक पहुँच र कानूनी आधारमा समुदायस्तरमा सचेत गरिएको छ।

बागलुङ, गलकोट, जैमिनी नगरपालिका, काठेखोला गाउँपालिकाको विभिन्न स्थानमा सामुदायिक अभिमुखीकरण तथा गहन अभिमुखीकरणका कार्यक्रम सञ्चालन गरिएको संयोजक उपाध्याको भनाइ छ। "विदेश जाँदा घरमा कागजात छोड्नुपर्ने विषयमा जानकारी थिएन", बानपा-६ का देवेन्द्र परियारले भन्नुभयो, "सानो सतर्कता अपनाउँदा न्यायिक पहुँचमा जान सकिने जानकारी भयो ।" वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र उपलब्धिमूलक एवं शोषणरहित बनाउन सुरक्षित आप्रवासन परियोजना (सामी) तेस्रो चरण नेपाल सरकार र स्वीस सरकारकोद्धिपक्षीयसम्झौताअन्तर्गत सञ्चालित छ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र ३९ जिल्लाका १५६ स्थानीय सरकारको नेतृत्वमा सञ्चालित कार्यक्रमका लागि हेल्भेटासले प्राविधिक सहयोग उपलब्ध गराएको छ।

वैदेशिक रोजगारीमा जोखिम कम गर्दै यसबाट प्राप्त हुने प्रतिफल वृद्धि गर्न बागलुङ, जैमिनी, गल्कोट नगरपालिका र काठेखोला गाउँपालिकामा गत वर्षको मङ्सिरदेखि सामी परियोजना सञ्चालनमा रहेको छ। परियोजनाअन्तर्गत राहदानी बनाउन जिल्ला प्रशासन कार्यालय पुगेका युवाका लागि परामर्श, निःशुल्क कानूनी सेवा, निःशुल्क सीप तालीम, मनोसामाजिक परामर्श तथा वित्तीय साक्षरता र फर्केका युवाका लागि सामाजिक पुनःस्थपनाको काम गर्दै आएको विवाइसीका अध्यक्ष मणि शर्माले जानकारी दिनुभयो।

# मुख्य ग्रामीण सडकका खोलामा धमाधम पुल निर्माण

**पोखरापत्र संवाददाता**
**पर्वत १० फागुन**

पर्वतका मुख्य ग्रामीण सडकमा पर्ने खोलामा धमाधम पुल निर्माण भइरहेको छ। हिउँदमा गाडी गुड्ने र वर्षात्मा बन्द रहने ग्रामीण सडकको समस्या रही आएको छ । ग्रामीण सडक वर्षात्का करीब तीनसम्म स्थानीय नदी तथा खोलामा पुल नहुँदा ग्रामीण सडकको यात्रा रोकिने गरेको थियो।

चालू वर्ष मात्रै पर्वतका करीब आधा दर्जन मुख्य खोला नदीमा पुल निर्माण सम्पन्न भइसकेका छन् । केही खोलामा निर्माणाधीन पुल आगामी असारभित्रै सम्पन्न हुने चरणमा छन्। पूर्वाधार विकास कार्यालय पर्वत र सडक डिभिजन कार्यालय बागलुङले निर्माण थालेका पक्की पुलले मुख्य राजमार्ग तथा कुस्मा जोड्ने सबै स्थानीय तहलाई सहज बनाउने छ । पर्वतका सातै स्थानीय तह आवतजावत गर्ने सडकको यात्रा अब बाह्रै महिना सहज हुने भएको छ । गण्डकी प्रदेशको सबै स्थानीय तहमा पक्की सडक सञ्जाल पुऱ्याउने लक्ष्यकासाथ गत वर्षदेखि शुरुआत भएका सबैजसो पक्की पुल आगामी २०७८ असारभित्रै सम्पन्न हुने तयारीमा छन्। केही पुल यसअघि नै सम्पन्न भइसकेको सडक डिभिजन तथा पूर्वाधार कार्यालयले जनाएको छ। कार्यालयका अनुसार फलेबासको अर्चले-भङ्गरा जोड्ने पुल निर्माण सम्पन्न भइसकेको छ । अघिल्लो वर्ष नै कुस्मा-२ छमर्के खुर्कोटको रिठेखोला पुल निर्माण सम्पन्न भइसकेको छ। गत महिना कुस्मा नगरपालिका-३ अम्बोटखोला र मोदी गाउँपालिका-६ तिलाहार स्थित रतिखोला पुलको निर्माण सम्पन्न भएको छ । सडक डिभिजन कार्यालयले निर्माण गरेका दुवै पुलले कुस्मा तथा मोदी गाउँपालिकालाई मध्यपहाडी राजमार्गसँग जोड्छन् । मोदी गाउँपालिका-१ तथा कास्कीको अन्नपूर्ण गाउँपालिका-९ जोड्ने भुरुङ्दी खोला पुल यसै वर्षभित्र सम्पन्न गर्नेगरी तीव्र गतिमा निर्माण भइरहेको छ । कास्कीको नयाँ पुल हुँदै म्याग्दीको घोडेपानीसम्म पुग्ने सडकमा भुरुङ्दी खोलाको पुल निर्माण भएपछि देशी विदेशी पर्यटकको यात्रामा सहज हुनेछ । पूर्वाधार कार्यालयले चालू वर्षमा सकिने गरी पैंयु गाउँपालिका-७ मा शेरा खोला, पैंयु-४ मा गेडी खोला, मर्दी खोला र शिब्दी खोला पुल निर्माण गरिरहेको छ। कार्यालयका सूचना अधिकारी गौरवदास बैरागीका अनुसार चालू वर्षमा नै सक्नेगरी तीव्ररुपमा अघि बढिरहेका पुलमध्ये सबैको प्रगति ७५ प्रतिशत नाँघीसकेको छ।

कार्यालयका प्रमुख कृष्ण आचार्यका अनुसार भुरुङ्दी खोला पुलको काम विगतदेखि नै ढिलाइ भए पनि यस वर्ष सक्नेगरी ताकेता गरिएको छ। शेरा खोला, गेडी खोला, मर्दी खोला र शिब्दी खोलाको काम तीव्र गतिमा अगाडि बढाइएको छ। कोरोनाका कारण गरिएको लकडाउनले काम समयमै सम्पन्न गर्न समस्या भएको कार्यालय प्रमुख आचार्यले बताउनुभयो । शेरा खोला र गेडी खोला पुल निर्माणको जिम्मा लिएको बाइएसएस निर्माण कम्पनीका प्रतिनिधि यज्ञबहादुर थापाका अनुसार गेडी खोला पुल निर्माण सकिएको छ । शेरखोला र गेडी खोला पुलले पैंयु, बिहादी र महाशिला गाउँपालिका जोडिन्छन् । सडक डिभिजन कार्यालय बागलुङका अनुसार पर्वतका ग्रामीण सडकलाई सहज हुनेगरी चार वटा पक्की पुल निर्माणको चरणमा छन्। चारमध्ये मोदी गाउँपालिका-५ बाजुङ र कुस्मा नगरपालिका-३ दुर्लुङ जोड्ने अम्बोट खोला पुल निर्माण सम्पन्न भइसकेको छ। डिभिजन प्रमुख रामेश्वर लम्सालले कुस्मा-२ स्थित रिठेखोला, तथा पर्वतको फलेबास र बागलुङको जैमिनी नगरपालिका जोड्न काली गण्डकी पुल निर्माणको चरणमा रहेको बताउनुभयो । निर्माणाधीन कालीगण्डकीको पुलका लागि आगामी एक वर्ष लाग्नसक्ने उहाँले जानकारी दिनुभयो। कालीगण्डकी करिडोर अन्तर्गत मोदीखोला र सेतीखोलाको पुल पनि सम्पन्न भइसकेका छन् । पुलले पर्वतको फलेबास नगरपालिका र बागलुङको जैमिनी नगरपालिका जोड्छ । पर्वतमा निर्माणाधीन यी पुलले सबैजसो मुख्य बस्तीलाई समेट्छन्। विगतमा जेठको अन्तिम सातादेखि कात्तिकसम्म अवरुद्ध हुने ग्रामीण सडक आगामी वर्षदेखि बाह्रै महिना सञ्चालनमा आउने स्थानीयवासीको अपेक्षा छ।

**रु १० लाखको जग्गा प्रदान**

दक्षिण पर्वतको पैंयु गाउँपालिका वडा नं ६ सरौखोलाको वडा कार्यालय भवन निर्माणका लागि स्थानीय एक व्यक्तिले निःशुल्क जग्गा दान गर्नुभएको छ। सोही वडा निवासी समाजसेवी नीलकण्ठ तिवारीले निःशुल्क जग्गा प्रदान गर्नुभएको हो।

उहाँले सरौफाँटस्थित सोतोमा रहेको एक रोपनी जग्गा निःशुल्क प्रदान गर्ने घोषणा गर्नुभएको हो। उहाँले जग्गा निःशुल्क दिएपछि वडाले भवन निर्माण प्रक्रिया अघि बढाउने भएको छ । अहिले उक्त जग्गाका मूल्य रु १० लाखको हाराहारीमा पर्ने वडा कार्यालयको मूल्याङ्कन रहेको छ।

वडा सचिव पाराश्वर सापकोटाका अनुसार स्थानीय, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र समाजसेवीको उपस्थितिमा उहाँले निःशुल्क जग्गा दिने घोषणा गर्नुभएको हो। हाल वडा कार्यालय निकै जीर्ण अवस्थामा छ। सोही वडा कार्यालय बनाउन तिवारीले निःशुल्क जग्गा प्रदान गर्नुभएको हो । स्थानीय तह र वडालाई भौतिकरुपले संस्थागत गर्न सहयोग पुगोस् भनेर जग्गा निःशुल्क दिने निर्णय गरेको उहाँले बताउनुभयो । जग्गा प्रदान गर्नुभएकामा पैंयु गाउँपालिकाले उहाँलाई धन्यवादसमेत व्यक्त गरेको छ । तिवारी सामाजिक सेवासँगै सञ्चार क्षेत्रमा समेत सक्रिय हुनुहुन्छ। पैंयुले प्रमुख प्रशासनिक भवनसहित वडा कार्यालयका भवन निर्माणलाई तीव्रता दिएको छ।

# भूमाफियाको चङ्गुलमा नपरी काम गर्न सुझाव

**पोखरापत्र संवाददाता**
**दमौली १० फागुन**

आयोग तनहुँका अध्यक्ष एवं सदस्यहरुले पदभार ग्रहण गर्नुभएको छ। जिल्ला समन्वय समिति तनहुँमा स्थापना गरिएको कार्यालयमा आज नवनियुक्त अध्यक्ष दधिराज सुवेदी, विज्ञ सदस्य दीर्घबहादुर दरै र सदस्य शान्ति कुँवरले पदभार ग्रहण गर्नुभएको हो।

राष्ट्रियसभा सदस्य भगवती न्यौपाने, विघटित प्रतिनिधिसभा सदस्य केदार सिग्देल, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले अध्यक्ष सुवेदीलाई पदभार गराउनुभयो । पदभार ग्रहणपछि सम्बोधन गर्दै आयोगका अध्यक्ष सुवेदीले ऐन र कानूनको परिधिभित्र रहेर आयोगले काम गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले अनेक प्रलोभन देखाएर फसाउन खोज्नेलाई कारवाही गरिने बताउँदै भन्नुभयो, "आयोगले निष्पक्षरुपमा विना भेदभाव काम गर्छ, पैसाको चलखेल गर्नेलाई कारवाही गर्छौं।" सुवेदीले सबैको सहयोग भए आयोग पूर्णरुपमा सफल हुने विश्वास व्यक्त गर्नुभयो । स्थायी आयोग बनेकाले यो आयोगले पूर्णरुपमा काम गर्न पाउने बताउनुभयो । जिल्लाका अधिकांश स्थानीय तहमा फर्म भर्ने काम चलिरहेको बताउँदै समयमै सो काम सम्पन्न गर्नेतर्फ ध्यान दिन स्थानीय तहलाई उहाँले आग्रह गर्नुभयो । सरकारले महत्वपूर्ण कामका लागि जिम्मेवारी दिएकाले सो जिम्मेवारी पूरा गर्न दृढ सङ्कल्पित भएर लागिपर्ने प्रतिबद्धता जनाउनुभयो। "नेपालको संविधानमा नै हरेक नागरिकलाई आवासको व्यवस्था हुनेछ भन्ने प्रस्ट लेखेकाले आयोगले जग्गा मात्रै बाँड्ने होइन, संविधानको पनि कार्यान्वयन गर्नेछ", उहाँले भन्नुभयो।

कार्यक्रममा भूमिसम्बन्धी समस्या समाधान आयोगका केन्द्रीय सदस्य एकबहादुर रानाले आयोगलाई काम गर्न कुनै ऐन, कानूनले नछेक्ने भएकाले सयौं वर्षदेखि समस्याका रुपमा रहेको भूमिहीनको समस्या समाधानका लागि आयोग प्रतिबद्ध रहेको बताउनुभयो। जिल्लाका छ पालिकामा सम्झौता भएर लगत सङ्कलनको काम भइरहेको रानाले जानकारी दिनुभयो । अन्य चारवटा पालिकाले पनि ३५ दिनभित्र तथ्याङ्क सङ्कलनको काम सम्पन्न गर्ने प्रतिबद्धता जनाए। ती पालिकासँग पनि सम्झौता गरिने रानाले बताउनुभयो।

कार्यक्रममा राष्ट्रियसभा सदस्य भगवती न्यौपानेले ऐनको दायरामा रहेर निर्विवाद हिसाबले काम गर्न आयोगलाई सुझाव दिँदै पवित्र सोचका साथ काम गर्न आग्रह गर्नुभयो। विघटित प्रतिनिधिसभा सदस्य एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का जिल्ला अध्यक्ष केदार सिग्देलले भूमाफियाको चङ्गुलमा नपरी काम गर्न सुझाव दिँदै राजनीतिक उतारचढाव भए पनि ऐनले निर्दिष्ट गरेको काममा ढिलाइ नगर्न आग्रह गर्नुभयो।

जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले स्थानीय तहलाई बढी जिम्मेवार बनाइएकाले यो पटक भूमिहीनले लालपुर्जा पाउनेमा आफूहरुमा विश्वस्त रहेको बताउनुभयो। नेपाली कांग्रेसका कार्यवाहक सभापति जीतप्रकाश आलेले विगतमा विवाद भए पनि वर्तमान समिति निष्पक्षरुपमा काममा लाग्न सुझाव दिनुभयो । जनता समाजवादी पार्टीका प्रतिनिधि कृष्णराज घिमिरेले जटिल अवस्थामा रहेको भूमिहीनको समस्या समाधानका लागि आयोग क्रियाशील रहन सुझाव दिनुभयो।

जिल्लाको व्यास नगरपालिका, भानु नगरपालिका, शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, देवघाट गाउँपालिका, बन्दीपुर गाउँपालिकामा भूमिहीन सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरुको तथ्याङ्क सङ्कलनको काम भइरहेको छ।

सरकारले आयोगको अध्यक्ष, विज्ञ सदस्य र सदस्यमा नियुक्ति गरे पनि आयोगको पदेन सदस्यमा डिभिजन वन कार्यालयका प्रमुख, नापी कार्यालयका प्रमुख, मालपोत कार्यालयका प्रमुख रहने व्यवस्था छ भने आयोगको सदस्यसचिवमा जिल्ला समन्वय अधिकारी रहने व्यवस्था छ।

# तीन दिनपछि आगो नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
**लमजुङ,१० फागुन**

यहाँको एक जङ्गलमा आगलागी भएको तीन दिनमा बल्ल नियन्त्रणमा आएको छ । गत शनिबार दिउँसोबाट आगलागी भएको लमजुङको बैंसीशहर नगरपालिका-६ रहेको शान्ति, सुलीकोट र भोटेचौर सामुदायिक वनको जङ्गलको लागेको आगो आज बल्ल नियन्त्रण आएको हो।

शनिबारबाट शुरु भएको आगलागीले यस नगरको वडा नं ६ यस जङ्गलमा ठूलो आगलागी भएको थियो । जङ्गलमा अचानक लागेको आगलागीको तेस्रो दिन आज नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयवासीको पहलमा आगो नियन्त्रणमा लिइएको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले बताउनुभयो । उहाँका अनुसार ३० हेक्टर क्षेत्रफलमा आगलागी भएको छ । नगरपालिकाको दमकल, सुरक्षा निकायले अग्नि नियन्त्रण सामग्रीको माध्यमबाट आगो नियन्त्रणमा लिन सफल भएको प्रजिअ शर्माको भनाइ छ।

आगलागीबाट जङ्गली जनावर, चराचुरुङ्गी तथा जमीनमा घिस्रिएर हिँड्ने प्राणीको बासस्थान सखाप भएको छ। जङ्गलमा कस्ले लगाएको आगो भनेर पत्ता लागिसकेको छैन। यस जङ्गलमा गत वर्ष पनि आगलागी भएको थियो।